## नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

### खण्ड ७, संख्याः २५, फागुन १६ गते, २०८० साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

## व्यास नगरपालिका विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि (प्रथम संशोधन), २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।११।१५

व्यास नगरपालिका विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

१. अनुसूची १ को बुँदा नं.३ “घर पूर्ण रुपमा क्षति भएमा प्रति घर बढिमा रु.पचास हजारसम्म” **को सट्टा** “घर पूर्ण रुपमा क्षति भएमा प्रति घर बढिमा रु.पचहत्तर हजारसम्म” राखी संशोधन गरिएको छ ।

२. अनुसूची १ को बुँदा नं.४ “घर आंशिक रुपमा क्षति भएमा प्रति घर बढिमा रु.पच्चीस हजारसम्म” **को सट्टा** “घर आंशिक रुपमा क्षति भएमा प्रति घर बढिमा रु.पचास हजारसम्म” राखी संशोधन गरिएको छ ।

३. अनुसूची १ को बुँदा नं.४ “गाई, गोरु, भैंसी, रागो आदि मरेमा प्रति गोटा बढिमा रु.दश हजारसम्म” **को सट्टा** “गाई, गोरु, भैंसी, रागो आदि मरेमा प्रति गोटा बढिमा रु.पच्चीस हजारसम्म” राखी संशोधन गरिएको छ ।

आज्ञाले
गंगालाल सबेदी
प्रमुख प्रशासकीय अधिकृत